भाग ३

**मौलिक हक र कर्तव्य**

**३६. खाद्य सम्बन्धी हक** M (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

-२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

-३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**४२. सामाजिक न्यायको हक M**(१) सामाजिक रूपले पछाडि परेका महिला दलित, ===, **किसान**, श्रमिक, ====लाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

-२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि ==..रोजगारी, खाद्यान्न विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

भाग ४

**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

**५१. राज्यका नीतिहरू**

**ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति**

-१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

-२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको j चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

-३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

-४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

-५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**-छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति**

-४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

-५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

**-ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति**

-१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

**-ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति**

-६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन,सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

**अनुसूची ५**

**संघको अधिकारको सूची**

५. केन्द्रीय योजना, ====== विदेशी अनुदान, सहयोग र ऋण

११. जलस्रोतको संरक्षण र **बहुआयामिक उपयोग** सम्बन्धी नीति र मापदण्ड

१३. केन्द्रीय तथ्यांक (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)
१४. केन्द्रीय स्तरका ठूला ===== सिंचाइ र अन्य आयोजना तथा परियोजना
१८. अन्तर्राष्ट्रिय व्यापार, ======., क्वारेन्टाइन
२४. बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत)
२९. भूउपयोग नीति, ............., वातावरण अनुकूलन

**अनुसूची ६**
**प्रदेशको अधिकारको सूची**

2. ........., केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
3. ..... कृषि आयमा कर ..
6. प्रदेश तथ्यांक
7. प्रदेश स्तरको ....., सिचाइ .........
16. भूमि व्यवस्थापन, जग्गाको अभिलेख
19. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन
20. कृषि तथा पशु विकास, ...........

**अनुसूची ७**
**संघ र प्रदेशको साझा अधिकारको सूची**

9. औषधि र विषादि
12. ........., पशु चिकित्सा, ... र अन्य पेशा
13. ........, वातावरण संरक्षण, जैविक विविधता
23. अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग
24. भूमि नीति र सो सम्बन्धी कानून

**अनुसूची ८**
**स्थानीय तहको अधिकारको सूची**

4. ......... भूमिकर (मालपोत), ........मालपोत संकलन
6. स्थानीय तथ्यांक र अभिलेख संकलन
7. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
10. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
11. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
15. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
18. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

**अनुसूची ९**
**संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**

4. कृषि
5. ........, सिंचाइ जस्ता सेवाहरू
7. ........... जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता